

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १९ गते बिहीबार ❑ 4 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मंसिर ४ गते चुनाव गर्ने सत्ता गठबन्धनमा सहमति

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ साउन**

मंसिर ४ गते संघीय तथा प्रदेशसभा निर्वाचन गर्ने सत्ता गठबन्धनमा सहमति भएको छ ।

बुधबार बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा मंसिर ४ गते चुनाव गर्नेगरी सहमति जुटेको एक नेताले रातोपाटीलाई बताए । ती नेताका अनुसार सत्ता गठबन्धनमा भएको सहमतिअनुसार अब बस्ने मन्त्रिपरिषद् बैठकले चुनावको मिति घोषणा गर्नेछ ।

जसअनुसार बिहीबार बस्ने मन्त्रिपरिषद् बैठकले मिति घोषणा गर्ने सम्भावना रहेको ती नेताको भनाइ छ । बुधबारको बालुवाटार बैठकमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरू उपस्थित थिए । निर्वाचन आयोगले आगामी ४ मंसिरमा एकै चरणमा प्रदेश र प्रतिनिधिसभा निर्वाचनको मिति तोक्न सरकारलाई यसअघि नै सिफारिस गरिसकेको छ । नेताहरुका अनुसार चुनाव घोषणापछि पनि संसद कायमै रहने गठबन्धनका नेताहरुको बुझाइ छ । 'चलाउने कि नचलाउने अलग कुरा हो, तर हाउस रहन्छ,' गठबन्धनका एक नेता भन्छन्, 'संसद चलाइराख्न धेरै रुचि छैन । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पास गरेपछि अधिवेशन अन्त्य हुन्छ होला ।' तर, सरकारले चुनावको मिति घोषणा गर्न ढिलाइ गर्दै आएको छ ।

## माओबादीलाई कमजोर बनाउने षडयन्त्र भई रहेको छ: केन्द्रीय सदस्य बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ साउन**

नेकपा माओबादी केन्द्रका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले माओबादीलाई कमजोर पार्ने षडयन्त्र भएको बताए ।

नेकपा माओबादी पोखरा २५ को पार्टी प्रबेश कार्यक्रममा बुधबार सम्बोधन गर्दै मन्त्री बरालले अझै पनि पार्टीलाई कमजोर पार्ने षडयन्त्र देश भित्र र बाहिरबाट भई रहेको बताएका हुन् । देश भित्र र बाहिरबाट माओबादी माथि आक्रमण गरी पार्टी अध्यक्ष प्रचण्डलाई समेत कमजोर पार्ने षडयन्त्र बिरुद्ध एक हुनुपर्ने समय आएको सदस्य बरालको भनाई छ । सुकुम्बासी, दलित, महिला, जनजातिको हकअधिकारको बिषयमा माओबादीले उठाएका मुद्धाहरुलाई समेत कमजोर पार्ने खेल हुने हुदा यस तर्फ सबै जाति बिषेशले बढी ख्याल गर्नुपर्ने समय आएको मन्त्री बरालको भनाई थियो ।

कानूनी रुपमा जातिय उन्मुलन भए पनि व्यवहारमा अझै जातिय विभेद कायमै रहेको मन्त्री बरालको भनाई थियो । कानूनमा जे लिपिवद्ध गरिएको मुद्धालाई संस्थागत गर्न आवश्यक भएको मन्त्री बरालले बताए । कार्यक्रममा माओबादी पार्टीका प्रदेश सदस्यहरु भिम बिक क्षितिज, भोजराज पौडेल, माओबादी पोखरा महानगर समितिका अध्यक्ष कृष्ण गिरी विज्ञान, सचिव जनकराज पराजुली, धौलागिरी कास्की दलित सम्पर्क समाजका संस्थापक अध्यक्ष रण बहादुर सिर्पाली, समाजका अध्यक्ष बिष्णु बहादुर बिक सचिब वेल बहादुर परियार, केन्द्र वडाका सचिव बिष्णु बास्तोला लगायतले समाजमा रहेको असमानतालाई हटाउन एक हुनु पर्नेमा जोड दिएका थिए । माओबादी केन्द्र पोखरा २५ का अध्यक्ष माधव अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## निगमको प्रष्टीकरण-ऋण तिर्न बाँकी छ, मूल्य घट्दैन

**रासस**
**काठमाडौं, १८ साउन**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको खरिद मूल्यमा सामान्य गिरावट आएको भए पनि ऋण तिर्नुपर्ने दायित्व बाँकी रहेकाले मूल्य समायोजन नहुने प्रष्ट पारेको छ ।

निगमले बुधबार एक विज्ञप्ति जारी गर्दै पेट्रोल, मट्टितेल र हवाई इन्धनमा सामान्य नाफा भए पनि नेपाल सरकारबाट लिएको ऋण र इन्डियन आयल कर्पोरेशन (आइओसी) लाई बक्यौता भुक्तानी गर्नुपर्ने भएकाले मूल्य समायोजन नहुने जनाएको हो । आइओसीबाट सोमबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ ७८ पैसा नाफा तथा डिजेलमा प्रतिलिटर नौ रुपैयाँ ३७ पैसा र खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिण्डर चार सय ९९ रुपैयाँ ५७ पैसा घाटा रहेको निगमका सहप्रवक्ता पुस्कर कार्कीले जानकारी दिनुभयो । निगमलाई मट्टितेल र हवाई इन्धनमा भने यसअघि नै नाफा रहेको छ । पेट्रोलियम पदार्थको बिक्रीबाट मासिक रु एक अर्ब २७ करोड घाटा हुने निगमको प्रक्षेपण छ । सरकारसँग लिइएको ऋण, आइओसीलाई तिर्नुपर्ने बक्यौता तथा मासिक एक अर्ब बढी घाटा भएकाले पेट्रोलियम पदार्थको बिक्री मूल्य हाललाई यथावत नै राख्नुपरेको उहाँले बताउनुभयो ।

निगमले आइओसीलाई पेट्रोलियम पदार्थ खरिद गरेबापत भुक्तानी गर्नुपर्ने रकम अपुग भएपछि सरकारसँग रु सात अर्ब र राष्ट्रिय वाणिज्य बैंकबाट रु तीन अर्ब ऋण लिएको थियो । निगमले अझै आइओसीलाई रु २३ अर्ब भुक्तानी गर्न बाँकी छ ।

## सबै खेल गण्डकीमै हुने

**रासस**
**काठमाडौं, १८ साउन**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङ्ले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सबै खेल गण्डकी प्रदेशमा नै गराउने तयारी भइरहेको बताउनुभएको छ ।

आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुने उक्त प्रतियोगिता गण्डकी प्रदेशमा आवश्यक मापदण्ड पूरा गर्न नसक्ने अवस्थामा मात्र काठमाडौंमा केही खेल गराउन सक्ने सङ्केत उहाँले गर्नुभयो । नेपाल खेलकुद

बाँकी अन्तिम पृष्ठमा ▶▶

## साउन मसान्तसम्म विद्यार्थी भर्ना लिन देशभरका विद्यालयलाई बोर्डको निर्देशन

**रासस**
**काठमाडौं, १८ साउन**

राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले कक्षा ११ मा साउन मसान्तसम्म विद्यार्थी भर्ना गर्ने व्यवस्था गर्न देशभरका विद्यालयलाई निर्देशन दिएको छ ।

बोर्डले गत साउन ११ गते २०७८ सालको माध्यमिक शिक्षा परीक्षा अर्थात् एसइईको नतिजा सार्वजनिक गरेपछि कक्षा ११ पढाई हुने अधिकांश विद्यालयले एक साताभित्र विद्यार्थी भर्ना गर्ने गरी आवेदन आह्वान गरेपछि बोर्डले सार्वजनिक सूचना जारी गर्दै यस्तो निर्देशन दिएको हो । शैक्षिकसत्र २०७९/०८० का लागि कक्षा ११ मा विद्यार्थी भर्ना गर्ने सम्बन्धमा विभिन्न विद्यालय/क्याम्पसले फरकफरक भर्ना तालिका तय गरी छोटो समयको मात्र म्याद राखी सूचना प्रकाशित गरेको हुँदा देशका दुर्गम क्षेत्रका विद्यार्थीले भर्नाका लागि आवेदन दिने अवसरबाट समेत वञ्चित हुने अवस्था देखिएकाले देशभरका सबै विद्यालयलाई एसइईको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा संस्कृत शिक्षामा आकर्षण बढ्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ साउन**

इतिहासमा पिँढीमा विद्यार्थी राखेर संस्कृत र वेदका ऋचाको पठनपाठनका कारण पिँढी पाठशालाको पहिचान बनाएको पोखरामा अहिले भने संस्कृत विषयको पठनपाठन गराउने क्याम्पसदेखि विद्याश्रम सञ्चालनमा छन् ।

इतिहास अनुसार १८-१९औं शताब्दीतिर कास्कीको उत्तरी भेग हालको अन्नपूर्ण गाउँपालिकाको पाउँदुरमा पिँढीमा विद्यार्थीलाई राखेर गुरुशिष्य परम्परा अनुसार संस्कृत तथा त्यससँगै जोडिएका वेद तथा चण्डी आदिको पठनपाठन हुन्थ्यो । त्यसै समयदेखिपाउँदुरसहितविन्ध्यवासिनी आसपासका क्षेत्रमा हुने गरेका पठनपाठनका कारण कास्की शिक्षाको केन्द्र जस्तै बनेको थियो । पाउँदुरमा पौडेल थरका गुरुले आफ्ना शिष्यहरूलाई पिँढीमा राखेर पढाउने भएकै कारण पोखराको शैक्षिक विकास पिँढी पाठशालाबाट सुरु भएको यस क्षेत्रका भएको अध्येताहरू बताउँछन् । तत्कालीन समयमा विन्ध्यवासिनी र आसपासमा पराजुली तथा रेग्मी थरका विद्वानले गुरुशिष्य परम्पराअनुसार नै पठपाठन गराएइका कारण देशका विभिन्न स्थानबाट पोखरामा पढ्नका लागि विद्यार्थी आउने गर्दथे । त्यसै बेलादेखि शिक्षा नपाए काशी कि कास्की भन्ने प्रचलन भएको अनुमान गरिन्छ । पछिल्ला समयमा आधुनिक शिक्षाको नाममा संस्कृत शिक्षाप्रतिको आकर्षण घट्दै गएका अवस्थामा पोखरामा भने यसप्रतिको आकर्षण घटेको देखिदैन । संस्कृत पढ्नकै लागि देशका विभिन्न स्थानबाट भीमकालीपाटन बगरस्थित विन्दुवासिनी संस्कृत विद्यापीठमा विद्यार्थी आउने गरेका छन् । संस्कृत प्रेमीको सक्रियतामा २०५० सालमा स्थापित यो विद्यापीठ २०५३ सालमा नेपाल संस्कृत विश्वविद्यालय (तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय) को आङ्गिक क्याम्पस बनेको थियो । त्यस्तै पोखराको संस्कृत माध्यमिक विद्यालय, चिसाखोला विद्याश्रम, नारायणस्थान, परोपकार सङ्घ ढुङ्गेसाँघु, राधाकृष्ण गुरुकुल विद्याश्रम लामेआहाल, विन्ध्यवासिनी, गुप्तेश्वर महादेव गुफालगायतका स्थानमा संस्कृत विषयमा विद्यालय तहसम्मको पठनपाठन भइरहेको छ ।

विन्दुवासिनी संस्कृत विद्यापीठमा फलित ज्योतिष, साहित्य तथा संस्कृत व्याकरण विषयमा चार वर्षे शास्त्री तहको पठनपाठन हुँदै आएको छ । विद्यापीठमा प्राक्शास्त्री समेत गरी करिब १०० सङ्ख्यामा विद्यार्थी अध्ययन गरिरहेको विद्यापीठका प्राचार्य डा जगन्नाथ रेग्मी बताउनुहुन्छ । विद्यापीठमा विभिन्न जातजातीका विद्यार्थी अध्ययन गरिरहेका छन् । संस्कृत शिक्षामा अनुसन्धानको आवश्यकतालाई दृष्टिगत गरी विद्यापीठले अनुसन्धानात्मक गतिविधिलाई पनि प्राथमिकताका साथ अघि बढाएको उहाँले जानकारी दिनुभयो । विद्यापीठमा अनुसन्धानात्मक कार्यलाई जोड दिँदै अनुसन्धान व्यवस्थापन समितिमार्फत अनुसन्धानात्मक जर्नल निकाल्न थालिएको प्रचार्य डा रेग्मीले बताउनुभयो । विद्यापीठमा आचार्य(स्नातकोत्तर) तहको पठनपाठनको तयारी गरिएको छ । पोखरामा औपचारिकरूपमा विसं १९५८ मा देव शम्शेरको पालामा खोलिएको भाषा पाठशाला यहाँको पहिलो औपचारिक पाठशाला हो । तत्कालीन समयमा विन्ध्यवासिनी मन्दिर क्षेत्रमा सञ्चालित उक्त पाठशालापछि भीमकाली पाटनमा सारिएको थियो । जुन अहिले संस्कृत माध्यमिक विद्यालयका रूपमा रहेको छ । विद्यार्थीको अभावमा देशका विभिन्न स्थानका संस्कृत विद्यालय बन्द हुने अवस्थामा पुगेपनि पोखरास्थित संस्कृत माध्यमिक विद्यालयमा भने विद्यार्थी तथा अभिभावकको आकर्षण बर्सेनि बढ्दो छ । विद्यालयमा हाल २०० भन्दा बढी सङ्ख्यामा विद्यार्थी पढिरहेको विद्यालयका प्रधानाध्यापक गोविन्द सिग्देलले जानकारी दिनुभयो । विद्यालयमा अध्ययनतरत विद्यार्थीलाई कक्षा ५ देखि माथि आवासीय सुविधा प्रदान गरिएको उल्लेख गर्दै उहाँले हाल करिब २० देखि ३० जनासम्म विद्यार्थीले आवासीय सुविधा लिएको बताउनुभयो ।

विद्यालयमा ब्राह्मण मात्र नभइ महिला तथा दलित समुदायका विद्यार्थी अध्ययन गरिरहेका छन् । गुणस्तरीयतालाई

बाँकी अन्तिम पृष्ठमा ▶▶


भर्ना खुल्यो

यस भद्रकाली मा. वि. कुँडहर, पोखरा-१३ मा शैक्षिक सत्र २०७९/०८० का लागि दिवा कार्यक्रमअर्न्तगत विज्ञान, व्यवस्थापन (अङ्ग्रेजी तथा नेपाली माध्यम), मानविकी र शिक्षा समूहमा

कक्षा ११ मा भर्ना खुल्यो ।

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षा समूहमा

विज्ञान, व्यवस्थापन, शिक्षा तथा मानविकी समूहमा भर्ना आवेदन फारम वितरण मिति २०७९ श्रावण १२ गतेदेखि वितरण भइरहेको छ ।

विशेषताहरूः
१. अनुभवी एवं दक्ष प्राध्यापकहरूबाट पढाइ हुने ।
२. फराकिलो खेलमैदान, आवश्यक खेलकुद सामग्री, अनुशासित एवं शान्त वातावरणमा गुणस्तरीय पढाइ हुने ।
३. सुविधा सम्पन्न भवन, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, अध्ययन कक्षसहितको पुस्तकालय
४. शौचालय तथा पिउने पानीको राम्रो व्यवस्था ।
५. चमेनागृहको राम्रो व्यवस्था ।
६. गरिब तथा जेहन्दार विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था ।
७. विभिन्न अक्षयकोषदाताबाट राखिएका अक्षयकोषबाट प्रदान गरिने पुरस्कारको व्यवस्था ।
८. नियमित रूपमा मासिक तथा त्रैमासिक परीक्षा सञ्चालन गरी कमजोर विद्यार्थीहरूका लागि अतिरिक्त कक्षाको समेत व्यवस्था ।

प्रवेश परीक्षाः

विज्ञान समूहतर्फः
मिति २०७९ श्रावण २० गते, शुक्रवार
समयः बिहान ११:०० बजे
प्रवेश परीक्षा हुने विषयहरूः अङ्ग्रेजी, गणित र विज्ञान

व्यवस्थापन समूहतर्फः
मिति २०७९ श्रावण २२ गते, आईतवार
समयः बिहान ७:०० बजे
प्रवेश परीक्षा हुने विषयहरूः अङ्ग्रेजी र गणित

मानविकी तथा शिक्षा समूहतर्फः
मिति २०७९ श्रावण २२ गते, आईतवार
समयः बिहान ७:०० बजे
प्रवेश परीक्षा हुने विषयहरूः अङ्ग्रेजी, नेपाली र सामाजिक

प्रवेश परीक्षाका लागि आवश्यक कागजातः
- एस.ई.ई. परीक्षाको प्रवेश-पत्र
- इन्टरनेट डाउनलोडेड ग्रेडसिट
- २ प्रति पासपोर्ट साइजको फोटा

विस्तृत जानकारीका लागिः
श्री भद्रकाली माध्यमिक विद्यालय, कुँडहर, पोखरा-१३
फोनः ०६१-५२०४९८, ५२३४७७, ५३३७८७

# प्रदेशको भूमिका खोज्दै लोकतान्त्रिक खेलकुद

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ साउन**

पोखरामा आयोजना हुन लागेको नवौं राष्ट्रिय खेलकुदमा नेपाल लोकतान्त्रिक खेलकुद संघ, गण्डकीले प्रदेशको भूमिका खोज्न सुरु गरेको छ।

पोखरामा हुन लागेको प्रतियोगितामा प्रदेशका खेल संघ संस्था र पूर्व खेलाडीहरुलाई कुनै भूमिका नदिएको लोकतान्त्रिक खेलकुद संघ, गण्डकी प्रदेशले अयोजना गरेको अग्रज खेलाडी भेटघाट कार्यक्रममा उपस्थित पूर्व खेलाडीहरुले गुनासो गरेका छन् । दोस्रो संस्करणको राष्ट्रिय खेलकुद सम्पन्न भएको ३९ वर्षपछि गण्डकी, प्रदेशको राजधानी पोखरामा आयोजना हुने प्रतियोगितामा पूर्व खेलकर्मी र खेल सँग सम्बन्धित संघसंस्थालाई कुनै भूमिका नदिएको उनीहरुको गुनासो छ।



कार्यक्रममा नेपाल लोकतान्त्रिक खेलकुद संघक केन्द्रीय सदस्य रञ्जन थापाले देश संघीय संरचनामा गएपनि खेलका संघ संस्थाहरु त्यही अनुसार चल्न नसकेको बताए । प्रदेशको राजधानी हुने प्रतियोगितामा प्रदेशको एक जनालाई मात्र समेटेर उपसमितिको संयोजक तोकेकाले अझै खेलकुदमा केन्द्रीकृत मानसिकता हाबी भएको उनको भनाई थियो । बक्सिङका पूर्व खेलाडी तथा पर्यटन व्यावसायी गणेशबहादुर भट्टराइले नवौं राष्ट्रिय गौरवको प्रतियोगिता भएकाले सफल बनाउन लाग्नुपर्ने बताए। राष्ट्रिय खेलकुद परिषद्ले पोखरामा हुने प्रतियोगितामा प्रदेशकै पूर्व खेलाडीहरुको अनुभवका आधारमा काम गर्नुपर्नेमा जोड दिँदै प्रदेशभरका पूर्व खेलाडी तथा खेल संघसंस्थालाई कुनै न कुनै भूमिका दिनुपर्ने उनको भनाई थियो। एक फरक प्रसंगमा भट्टराइले संघ नेपाली कांग्रेसको भातृ संठगन भइसकेकाले मैदानमा स्वतन्त्र भएपनि मैदान बाहिर पार्टीलाई हित हुने कार्य गर्नुपर्नेमा जोड दिए । २०४६ सालको आन्दोलन पछि नेपाली कांग्रेसले खेल क्षेत्रको नेतृत्व लिन नचाहेकै कारण पछिल्लो समय खेल क्षेत्रमा भ्रष्टचार व्यस्त भएको उनको जिकिर थियो । कम्युनिष्टहरुले आफ्नो सरकार भएको समय क्षेत्रमा आफ्नो प्रभूत्व जमाएको र उनीहरुले अनियमितता गरेको उनको भनाई थियो । ती अनियमितालाई चिर्नका लागि पनि लोकतान्त्र र प्रजातन्त्रमा आस्था राख्ने खेलाडीहरु एकजुट हुनु जरुरी रहेको उनको जिकिर छ। कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष संजयकान्त सिग्देलले तयारी सुरु भएको समाचारमा मात्र पढेको, सुनेको बताए । आफू जिल्ला क्रिकेट संघको अध्यक्ष भएपनि अहिलेसम्म कुनै भूमिका नपाएको उनको गुनासो थियो । यसका लागि लोकतान्त्रिक खेलकुद संघले पहल गर्नुपर्ने उनको धारणा छ। पूर्व भलिबल खेलाडी हरी पराजुलीले राष्ट्रिय खेलकुद हुँदा मुल आयोजक कमिटीमा गण्डकीको सहभागीता कम हुनु लज्जाको विषय भएको बताए। प्रदेशमा हुने प्रतियोगितामा भूमिका पाए पनि नपाएपनि सहयोग गर्ने उनको प्रतिवद्धता छ तर खेल क्षेत्रमा हुने भ्रष्टचार र बदमासीका विरुद्ध आवाज उठाउन नछोड्ने उनले बताए । नेपाल आर्चरी संघका केन्द्रीय उपाध्यक्ष बिक्रम थकालीले खेलकुद क्षेत्रमा लोकतान्त्रमा आस्था राख्ने खेलाडीको गुनासो र समस्या सुन्नका लागि पार्टीले नेतृत्व लिनुपर्नेमा जोड दिए।

नेपाल लोकतान्त्रिक खेलकुद संघ कास्कीका अध्यक्ष नविन पुनले राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशको भूमिका खोज्न तल्लिन हुने धारणा व्यक्त गरे। पोखरामा हुने प्रतियोगिताका लागि गठन गरिएको मुल आयोजक समितिमा पोखराकै खेल क्षेत्रका व्याक्ति समेट्नु केन्द्रीकृत मानसिकताको पराकाष्ट भएको उनको भनाई थियो । नेपाल लोकतान्त्रिक खेलकुद संघ पार्टीको भातृसंगठन भइसकेकाले पनि विगतमा के भन्दा पनि आगामी दिनमा कसरी अगाडि बढ्ने भन्नेमा अग्रजको सल्लाह अनुसार अघि बढ्नुपर्नेमा उनको जोड थियो। संघका केन्द्रीय अध्यक्ष देवेन्द्र शेरचनले नवौं राष्ट्रिय खेलकुदमा सबैले छोडेको सुरक्षा र अनुसन्धान उपसमितिमा आफूहरुलाई राख्न खोजेको बताए । गण्डकी प्रदेशमा हुने खेलमा सबै उपसमितिको सदस्यमा अट्नुपर्ने आफूहरुको माग रहेको उनले सुनाए । खेलकुद भनेपछि पलिल्ला समय भ्रष्टचार बढि हुने क्षेत्रमा रुपमा चिनिएकाले करिब १ अर्ब खर्च हुने प्रतियोगितामा सबै खेलाडीले पाउनुपर्ने सुविधा पाओस भनेर संघर्ष गरिरहेको उनको भनाई थियो । 'राखेपबाट सुरुमा हामीलाई सुरक्षा र अनुसन्धान उपसमितिमा व्यवस्थापन हुनुपर्‍यो भन्नुभएको थियो, त्यो त सबैले छोडेको उपसमिति रहेछ हामीले हुदैन भन्यौ, पछि सहसंयोजक राख्ने मौखिक सममती भएको छ,' उनले भने, 'राष्ट्रिय खेलकुदका लागि ५४ करोड त रातो किताब मै छुट्टिएको छ। सबै गरेर एक अर्ब खर्ब हुन्छ त्यसबाट खेलाडीले पाउनुपर्ने सुविधा पाउनुपनर्छ भनेर हामी लागेका छौं।'

पूर्व खेलाडी र नेपाल लोकतान्त्रिक खेलकुद संघको समस्या सम्बोधन गराउन पहल गर्ने नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापती शुक्रराज शर्माले बताए । नवौं राष्ट्रिय खेलकुदमा प्रदेशका पूर्व खेलाडीहरुको अनुभव र भूमिकाका विषयमा प्रदेश समितिले विज्ञप्ती प्रकाशित गरेरै दवाब दिने जानकारी दिए । यसका लागि एउटा टिम बनाएर मुख्यमन्त्री सामु जाने उनको भनाई थियो । यदि त्यसले काम नगरे काठमाडौं प्रधानमन्त्री सामु पुग्ने उनले बताए । पछिल्लो समय कांग्रेलले खेलकुद बुझिसकेकाले लोकतान्त्रिक खेलकुदलाई पार्टीको भातृ संगठनको मान्यता दिएको उनको भनाई थियो । अब संघ गाउँका वडा वडामा संगठन विस्तारतर्फ लाग्नुपर्नेमा उनको जोड थियो।

## पोखरामा...

लक्षित गरी विद्यालयमा कक्षा पाँचसम्म अङ्ग्रेजी माध्यमबाटै पठनपाठन सुरु गरिसकेको छ । संस्कृत माविमा अध्ययन गर्नेले कक्षा ६ भन्दा माथि कूल ८०० पूर्णाङ्कमध्ये २०० अङ्कको मात्र संस्कृत पढ्नुपर्छ । अन्य साधारण माविमा जस्तै हो भन्ने आम जनमानसमा जानकारी गराउन नसक्नाले पनि संस्कृत शिक्षाप्रति अझै विद्यार्थी तथा अभिभावकको आकर्षण बढ्न नसकेको यस क्षेत्रका जानकार बताउँछन् ।

विद्यालयमा कक्षा ११ र १२ सम्मको पठनपाठन भइरहेको छ। विगतमा संस्कृत केवल ब्राम्हण समुदायका ले मात्रै पढ्ने भनिए पनि पछिल्ला समयमा सबै जातजातीको यसतर्फ आकर्षण बढेको छ । विद्यालयमा करिब ५० प्रतिशत ब्राम्हण समुदायका छन् भने ५० प्रतिशत दलित तथा जनजाती समुदायका रहेको प्रधानाध्यापक सिग्देलले जानकारी दिनुयो । समाजमा नैतिकता, सदाचारको खडेरी पर्दै गएको अवस्थामा पछिल्लो समयमा संस्कृत शिक्षाको आवश्यकता तथा महत्व बढ्दै गएको देखिन्छ । जिल्लामा सञ्चालित गुरुकुल तथा विद्याश्रमको पठनपाठनकोस्तर राम्रो रहेको जिल्ला शिक्षा समन्वय इकाई कास्कीका प्रमुख नारायण सुवेदीले बताउनुभयो।

## साउन...

नतिजा सार्वजनिक भएको कम्तीमा १५ दिनसम्म आवेदन दिन सक्नेगरी भर्नाको व्यवस्था गर्न निर्देशन दिएको छ।

बोर्डले साउन मसान्तसम्म विद्यार्थी भर्ना लिने व्यवस्था मिलाउन सम्बन्धित सबै विद्यालय एवं क्याम्पसलाई निर्देशन दिँदै बोर्डले स्थानीय तहलाई समेत आफ्नो पालिकाअन्तर्गतका विद्यालयमा समन्वय र सहजीकरण गरी विद्यार्थी भर्ना एवं कक्षा सञ्चालनको व्यवस्था गर्न आग्रह गरेको छ।

## सबै खेल...

पत्रकार मञ्च (एनएसजेएफ) को एनएसजेएफ एकेडेमीद्वारा बुधबार आयोजित स्पोर्ट्स डाइलगको पहिलो शृङ्खलामा सदस्यसचिव घिसिङले नवौँ राष्ट्रिय खेलकुदलाई व्यवस्थित गर्न एप्स बनाएर खेल आयोजना, मिति, समय र नतिजा त्यसमा समावेश गर्ने योजना रहेको बताउनुभयो। उहाँले यसपटक राष्ट्रिय खेलको पहिलो संस्करणदेखि नवौँसम्मका खेलकुदका डाटा सुरक्षित गरिने तयारीसमेत रहेको बताउनुभयो।

यसैगरी सदस्य सचिव घिसिङले नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताबाट चीनमा आयोजना हुने १९ औँ एसियाली खेलकुदको लागि खेलाडी छनोटसमेत गरिने बताउनुभयो।

# हेमजामा विभिन्न पार्टीबाट माओबादी केन्द्रमा प्रवेश

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ साउन**

पोखरा महानगरपालिका वडा नम्बर २५ हेमजाका करिब एक सय जना भन्दा बढी नेकपा माओबादी केन्द्र पार्टीमा प्रबेश गरेका छन्।

नेकपा माओबादी केन्द्र पोखरा २५ ले बुधबार हेमजामा आयोजित पार्टी प्रबेश कार्यक्रममा नेकपा एमाले, नेपाली काग्रेंस, स्वतन्त्र गरी करिब एक सय भन्दा बढी जना माओबादीमा प्रबेश गरेको माओबादी केन्द्र पोखरा २५ का अध्यक्ष माधव अधिकारीले बताए।

पार्टी प्रबेश कार्यक्रममा नेकपा माओबादी केन्द्रका केन्द्रिय सदस्य एवं गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवन, पार्टीका प्रदेश सदस्यहरु भिम बिक क्षितिज, भोजराज पौडेल, माओबादी पोखरा महानगर समितिका अध्यक्ष कृष्ण गिरी विज्ञान, सचिव जनकराज पराजुली, युवा नेता सागर लुइटेल लगायतले खादा तथा अविर लगाएर पार्टीमा स्वागत गरेका थिए।

# ब्राह्मण नारी समाज बैदामको साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ साउन**



ब्राह्मण नारी समाज पोखरा ६ बैदाम शाखाको दोस्रो साधारण सभा बुधबार सम्पन्न भएको छ।

समाजले पोखरा महानगर पालिकामा वडा नं-८ सिमल चौरमा बन्दै गरेको केन्द्रिय कार्यलयको निर्माण सहयोगार्थ अक्षेरुपी २ लाख २५ हजार रुपैयाको चेक समाजकी अध्यक्ष सावित्रि तिमिल्सीनाले ब्राह्मण समाज कास्की अध्यक्ष राम प्रसाद बास्ताकोटीलाई प्रदान गरिएको थियो।

साधारण सभाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि ब्राह्मण समाज कास्कीका अध्यक्ष राम प्रसाद बास्ताकोटी नेपालका अरु जातजाती भन्दा ब्राह्मण जाती संख्यातम रुपमा धेरै भएता पनि सरकारको निति नियमले गर्दा ब्राह्मण जातिलाई उपेक्षा गरेको बताए। ब्रामण जातिका सन्ततिले पाउने आरक्षण कोटा समेत सरकारी रवैयाका कारण गुमाउनु परेको बताउदै, सबैभन्दा दुख दिइने गरेको ऐनको दफा खारेजीको माग गरेका थिए । ब्राह्मण जातको जन्म धार्मिक ग्रहन्थ बेद सगैं भएको दाबी गर्दै यसलाई सामान्य हिसाबले नबुझ्न राज्यलाई आग्रह गरे। ब्राह्मण नारी समाजका केन्द्रिय सदस्य पार्वति पौडेलले नेपालमा लादिएको धर्म निरपेक्ष लाई खारेजी गरि नेपाललाई पुन हिन्दु राज्य बनाउन सम्पूर्ण ब्राह्मणहरु एक जुट हुनु पर्ने बताएकी छन। "हिन्दु धर्मका ग्रहन्थहरुमा जहाँ नारीहरु खुशि हुन्छन, तेहाँ देवताको बास हुन्छ" भन्ने मान्यता रहेको सुनाउदै नारी जातिलाई खुशि राख्न सके घर, समाज र जगत खुशि रहने विश्वास ब्यक्त गरिन। कास्की जिल्ला ब्राह्मण समाजका कोषाअध्यक्ष बिष्णु सुवेदीले नेपालमा सधिंयता आए सगै ब्राह्मण जातिले दुख पाउँने गरेको बताइन । ब्राह्मणलाई राज्यबाट पाउँने पर्ने सेवा सुविधामा कटौति गरि सम्रग ब्राह्मण जातिको अपहेलना गरेर सरकारले गल्ति गरेकोमा गल्ति सुधारन्न आग्रह गरिन । अध्यक्ष सावित्रि तिमिल्सीनाले "नेपालका नेताहरुको सानो सोच विचारले गर्दा ब्राह्मण जातिले दुख पाएको बताउदै, नेताहरुले आफ्नै खुट्टामा आफैले बन्चरो हान्ने काम भयो, यसैले गर्दा हामीले दुख पायौ"। आज नेपालमा कोटा प्रणालिले गर्दा ९५ प्रतिशत अकं ल्याउने विद्यार्थि बिदेशिनु परेको स्मंरण गर्दै कोटा प्रणाली तुरुन्त खारेज गर्ने सरकारलाई आग्रह गरिन।

अध्यक्ष सावित्रि तिमिल्सीनाको सभाअध्यक्षतामा भएको कार्यक्रममा उपाअध्यक्ष तथा कार्यक्रम संयोजक संगिता बराल, पत्रकार गणेश पहारी, सल्लाहकार गोपिमाया बराल, महासचिब विनिता बराल र कोषाअध्यक्ष सिता पाण्डे लगाएतका बक्ताहरुले ब्राह्मण जातिलाई नै अवमुल्याङकन गरि ल्याइएको कोटा प्रणालिलाई खारेज गर्ने सरकार समक्ष आब्हान गरेको थिए । सारधारण सभा सगै आउँदै गरेको नारीहरुको महान पर्व हरितालिका तिजको अवसरमा शुभकामना आदान प्रदान गरिएको थियो।


## कर्मचारी आवश्यकता

शिघ्र नयाँ संचालनमा आउन लागेका यस पञ्चम आयुर्वेद हस्पिटल प्रा.लिको लागि इमान्दार मेहिनती कर्मचारी आवश्यकता परेकोले इच्छुक सम्बन्धित उम्मेदवारले आफ्नो बायोडाटा सहित सम्पर्क राख्नुहोला ।

| क्र.सं. | पद | संख्या | योग्यता | सुविधा |
|---|---|---|---|---|
| १. | [illegible] | २ | [illegible] | कम्पनीको नियमानुसार |
| २. | [illegible] | ३ | [illegible] | |
| ३. | [illegible] | २ | [illegible] वा १० पास | |
| ४. | फिजियोथेरापिस्ट | १ | स्नातक (डिग्री) | |
| ५. | आयुर्वेद चिकित्सक | २ | स्नातक (बि.ए.एम.एस) | |
| ६. | व्यवस्थापक | १ | स्नातक (हस्पिटल व्यवस्थापन [illegible]) | |
| ७. | [illegible] | १ | अनुभवी | |
| ८. | लेखापाल | १ | [illegible] | |

सम्पर्क: मिति: २०७९।०४।१५ देखि २०७९।०४।२५ सम्म
छनोट प्रक्रिया : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

PANCHAM
पञ्चम आयुर्वेद हस्पिटल प्रा. लि.
(पुरानो स्पार्क बि एण्ड डि अस्पताल)
पोखरा-८ न्युरोड, सभागृह चोक [illegible] फोन नं ५७१४०८, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# साना माछा समाउने काम

मधेस प्रदेश सरकारका काम कार्वाहीमा अनियमितता भएको र भ्रष्टाचार बढेको भन्दै समाचार प्रकाशित प्रशारित भइरहने गर्थे । सामाजिक विकास मन्त्रालयमार्फत गैरसरकारी संस्थालाई दिएको रकममा भ्रष्टाचार भएका समाचारले प्रदेश सरकारलाई गिज्याउने गर्थे । कमिसन विना रकम निकासा नहुने गरेको समाचार निरन्तर प्रकाशित प्रसारित भइरहेकै हुन । प्रदेश सभा बैठकमा होस या सत्तारुढ जसपाको बैठकमा प्रदेश सरकारमा भएको अनियमितता उठ्ने गरेको थियो । संचार माध्यममा होस या विपक्षीले उठाएका विषयलाई सरकारले वास्तै गरेन । मधेस प्रदेश सरकारले गरेको भ्रष्टाचार बारे अनुसन्धान गर्न कागजात नियन्त्रणमा लिन सचेत नागरिकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई गुहारेका थिए ।

कागजात नियन्त्रणमा लिएको करिब दुई वर्षपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेस प्रदेश सरकारको बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रममा भ्रष्टाचार भएको भन्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ । उक्त कार्यक्रमका लागि साइकल खरिदका क्रममा आर्थिक अनियमितता भएको भन्दै आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तत्कालीन सचिव यमप्रसाद भुसाल, सीडीई भगवान झा, सहलेखापाल राजाराम मण्डल, शाखा अधिकृत राम स्वार्थ महतो, खरिदार जित मोहन कुमार दास र ओम सत्य साई प्रालिकी प्रबन्ध निर्देशक रेनु अग्रवालविरुद्ध मुद्दा दायर गरेको छ। राजनीतिक नेतृत्वलाई छुँदै नछोइ दायर गरिएको मुद्दा ठूला माछा जोगाएर साना माछा समाउने काम मात्र हो ।

अख्तियारले भुसाल, झा, मण्डल र अग्रवालविरुद्ध जनही १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगो दाबी गर्दै हदैसम्मको सजायको माग राखी मुद्दा दायर गरेको छ। महतो र दासविरुद्ध भने बिगो दाबी गरिएको छैन । मधेस प्रदेश सरकारले उक्त कार्यक्रममा लागि खरिद गरिएका २७ हजार साइकलको रकममा अनियमितता भएको बताइएको छ । ती साइकल पहिलो चरणमा १० हजार र दोस्रो चरणमा १७ हजार साइकल खरिद गरी वितरण भएको थियो । १७ हजार साइकल खरिद गर्दा तोकिएको ब्रान्डलाई छाडेर ब्रान्ड नै नखुलेको साइकल खरिद गरिएको र १० हजार साइकल खरिद गर्दा योग्यता नपुगेको कम्पनी छनोट गरिएको भन्दै आयोगले मुख्यमन्त्री कार्यालयमा छापा मारेर कागजात कब्जामा लिएको थियो । त्यही अभियोगमा मुद्दा दायर भएको हो ।

अख्तियारले मुख्यमन्त्रीको कार्यालयबाट कार्यान्वयन भएको यो कार्यक्रममा भ्रष्टाचार भएको भन्दै मुद्दा दायर गर्दा राजनीतिक नेतृत्वलाई भने जोगाएको छ । राजनीतिक नेतृत्वको संरक्षणमा भ्रष्टाचार हुने घानमा कर्मचारी मात्र पार्नु न्यायोचित हुँदैन । राजनीतिक नेतृत्वको आड र संरक्षण पाएर मात्र भ्रष्टाचार गर्नेछ आँट आउँछ । राजनीतिक नेतृत्वले गरेको निर्णय कार्यान्वयन गर्ने कर्मचारीलाई मात्र दोषी देख्ने कामले नीतिगत भ्रष्टाचारलाई प्रोत्साहित गर्छ । अख्तियारले बल्लबल्ल दायर गरेको मुद्दा पनि झारटार्ने खालको छ । आउँदो निर्वाचनमा प्रदेश सरकारको नेतृत्वमाथि प्रश्न नउठोस भनेर दर्ता गरिएको हो । जनतालाई झुक्याउने काम मात्र हो । अख्तियारको सकृयता कम भएको र काम गर्नै नदिने अवस्था सृजना गरेको छाकाम गर्नै नदिने अवस्थामा पुर्याएको बेला अख्तियारले दर्तावाल गरेको मुद्दा भ्रष्टाचारीलाई चोख्याउने काम त हुँदैन भनेर सचेत र सजगहुने बेला आएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# जनतालाई पायक पर्ने ठाउँबाट सेवा

पोखरापत्र संवाददाता
म्याग्दी, १८ साउन

म्याग्दीको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले जनतालाई पायक पर्ने ठाउँबाट सेवा दिन थालेर उदाहरणीय कामको सुरुआत गर्नुभएको छ।

कठिन भूगोल, तल्लो र उपल्लो खण्डमा विभाजित गरेर उहाँले सेवा दिन थाल्नुभएको हो। "२ नं वडाको तल्लो भेगका जनतालाई वडामा सेवा लिन जाँदा दिनभरि लाग्छ, जनताको सहजताका लागि यो कार्यको सुरुआत गरिएको हो", वडाध्यक्ष कार्कीले भन्नुभयो । साबिकको ज्यामरुककोट गाविस-१ बगरफाँट र ८ र ९ बाहेक अन्य बस्तीका आवश्यक सेवालाई समेत उक्त दिन सदरमुकामबाटै प्रदान गरिने उहाँको भनाइ छ।

तत्काल सरकारी कागजातको सुरक्षा र सेवा प्रवाहमा समेत सहज हुने गरी सदरमुकामबाट सेवा दिइए पनि निकट भविष्यमा वडाका सबै बस्तीलाई पायक पर्ने गरी संरचना बनाएर सेवा दिने वडाले जनाएको छ।

# थप ११५ जनामा संक्रमण पुष्टि

रासस
काठमाडौं, १८ साउन

देशभर पछिल्लो २४ घण्टामा नौ सय १५ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय छ हजार दुईको परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

हालसम्म नेपालमा ११ लाख ३१ हजार आठ सय ५३ मा कोरोना भाइरस पुष्टि भएको छ । पछिल्लो समय थप तीन सय एक सङ्क्रमणमुक्त भएसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ७० हजार नौ सय २६ पुगेको छ ।

नेपालमा यस सङ्क्रमणबाट हालसम्म मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ६८ पुगेको छ । त्यसैगरी पछिल्लो समय ५५ हजार पाँच सय ५९ ले खोप लगाइसकेका छन् । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार चार सय ३३ पुगेको छ । होम आइसोलेसनमा पाँच हजार दुई सय ७५, संस्थागत आइसोलेसनमा एक सय ५८ आइसियुमा ४३ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ।

# बालबालिकालाई भदौ ५ देखि कोभिड खोप

पोखरापत्र संवाददाता
बागलुङ, १८ साउन

बागलुङसहित ५० जिल्लाका पाँचदेखि ११ वर्षसम्मका बालबालिकालाई आउँदो भदौ ५ गतेदेखि कोभिड-१९ विरुद्धको खोप दिइने भएको छ।

सरकारले गत असार ९ गतेदेखि पहिलो चरणमा २७ जिल्लाका सो उमेर समूहका बालबालिकालाई लक्ष्य गरी खोप अभियान सञ्चालन गरेको थियो । दोस्रो चरणमा बाँकी ५० जिल्लाका बालबालिकालाई खोप दिइने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पहिलो चरणमा गण्डकी प्रदेशका कास्की, नवलपुरसहित धेरै जनघनत्व भएका जिल्ला र ठूला सहर केन्द्रित गरेर खोप अभियान चलाइएको हो । ती जिल्लाका बालबालिकाले खोपको दोस्रो मात्रासमेत पाइसकेका छन् ।

स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीका अनुसार जिल्लामा रहेका सो उमेर समूहका झण्डै ५० हजार बालबालिकालाई फाइजर खोप दिइनेछ । "सुईं आइसकेको छ, खोप यही २५ गतेपछि आउँछ", उहाँले भन्नुभयो, "बालबालिकालाई विद्यालयमै तोकिएका खोप केन्द्रबाट खोप दिइन्छ।"

उहाँले बर्सातका कारण खोप ढुवानी र अरु व्यवस्थापकीय तयारीमा बाधा नपरे मन्त्रालयले ताकेकै दिनबाट खोप अभियान सञ्चालन हुने बताउनुभयो । दोस्रो चरणअन्तर्गत भदौ ५ देखि ११ गतेसम्म पहिलो मात्रा र भदौ २७ देखि असोज १ गतेसम्म दोस्रो मात्रा खोप बालबालिकालाई दिइनेछ ।

स्वास्थ्य कार्यालयले त्यसअघि यही साउनभित्रैमा १२ देखि १७ वर्षसम्मका बालबालिकालाई कोभिड-१९ विरुद्धको खोपको थप मात्रा (बुस्टर) दिने तयारी थालेको छ । जिल्लाको बागलुङ, जैमिनी, गलकोट नगरपालिका, काठेखोला, बरेङ र ताराखोला गाउँपालिकाका सो उमेर समूहका बालबालिकालाई साउन २० र २१ गते खोपको थप मात्रा दिइनेछ । यस्तै ढोरपाटन नगरपालिका, बडिगाड, निसीखोला र तमानखोला गाउँपालिकाका बालबालिकालाई साउन २५ र २६ गते खोपको थप मात्रा दिइने खोप सुपरभाइजर खत्रीले जानकारी दिनुभयो । स्वास्थ्य कार्यालयका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले खोप अभियानका लागि स्वास्थ्यकर्मीलाई तालिम दिनेदेखि व्यवस्थापकीय तयारीका काम अघि बढेको बताउनुभयो । बर्सातका कारण यातायात सहज नहुँदा गाउँगाउँमा खोप ढुवानी गर्न र सुरक्षित भण्डारणका लागि चुनौती थपिएको उहाँको भनाइ छ। कोभिड-१९ को सम्भावित नयाँ लहरको जोखिमबाट बचाउन पनि बालबालिकालाई छिटो खोप दिनुपर्ने स्थिति छ।

हालसम्म कोभिड-१९ को सङ्क्रमणबाट जोगिएका र खोप नपाएका बालबालिका नयाँ भेरियन्टको जोखिममा रहेको स्वास्थ्यकर्मी बताउँछन् । कोभ्याक्स कार्यक्रममार्फत अमेरिकाको सहयोगमा नेपाल आएको फाइजर खोप बालबालिकालाई दिन लागिएको हो।

# पुल बगाएपछि आवतजावत बन्द

रासस
म्याग्दी, १८ साउन

म्याग्दीको मालिका गाउँपालिका-७ स्थित मराङखोलामा आएको बाढीले पुल बगाएपछि आवतजावत बन्द भएको छ। शिवरात्रि र भारवाङ बस्तीको सिमाना भएर बग्ने मराङखोलामा रहेको काठको अस्थायी पुल (साँघु) सोमबारको बाढीले बगाएको थियो।

विसं २०७७ असार २५ र २६ गतेको बाढीले मराङखोलामा सोही वर्ष निर्माण भएको ट्रस प्रविधिको पुल बगाएपछि आवतजावतका लागि काठको अस्थायी पुल (साँघु) बनाइएको थियो । भारवाङको जन्मभूमि युवा क्लबका अध्यक्ष प्रवीन जुग्जालीले अस्थायी पुल पनि बगाएपछि आवतजावत बन्द भएको जानकारी दिनुभयो । "भारवाङगाउँ सडक र पैदलमार्गबाट सम्पर्कविच्छेद हुँदा समस्या भएको छ", उहाँले भन्नुभयो, "खोला तर्न नसकिने भएकाले वडा र पालिकाको केन्द्र, विद्यार्थीलाई विद्यालय जान आउने बाटो बन्द भएको हो।" धवलागिरि गाउँपालिकाको कल्लेनी, छहरी, बाँसबोट, खाम्ला, खारा, खिवाङ, मुदी, बगर, चेचुङ, नाउराका बासिन्दा दरवाङ हुँदै जिल्ला सदरमुकाम बेनी आउजाउ गर्न यही बाटो प्रयोग गर्छन्।

म्याग्दीको दोस्रो व्यापारिक केन्द्र दरवाङबाट भारवाङ हुँदै धवलागिरिको वडा नं ६ र ४ का नौवटा बस्तीमा यही बाटो भएर खाद्यान्न ढुवानी हुने गर्दथ्यो । भारवाङका १५, कल्लेनी, छहरी र बाँसबोटका ४० घरधुरी पुल नहुँदा प्रत्यक्ष समस्यामा परेका छन्। सबैभन्दा ठूलो समस्या विद्यालय जाने बालबालिकालाई पर्ने देखिएको छ। बर्खे बिदा सकिएपछि उर्लँदो भेल पार गरेर बालबालिकालाई कसरी विद्यालय पठाउने भन्ने चिन्ता भारवाङवासीलाई परेको छ। मराङखोला म्याग्दी नदीको सहायक नदी हो। बाढी आएकाले यहाँ जङ्घार तरेर वारपार गर्न सकिने अवस्था छैन। भारवाङका करिब २० बालबालिका नौमानेको शिव आधारभूत र बिमको किसानी माविमा पढ्छन्। मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले मराङखोलामा बाढीको सतह नघट्दासम्म आवतजावतको व्यवस्था मिलाउन सकिने उपाय नभएको बताउनुभयो । "खोला ठूलो भएकाले तत्काल केही गर्न सकिने अवस्था छैन", उहाँले भन्नुभयो, "भारवाङका बालबालिकालाई बिम र नौमानेमा राखेर विद्यालय पढ्ने व्यवस्था मिलाउने सोचेका छौं।" खोला वारपार गर्न नसकिने हुँदा धारापानी र मराङको घुमाउरो बाटो प्रयोग गर्नुपर्ने भएको छ।

# कालिका भगवतीलाई खिर !

रासस
बागलुङ, १८ साउन

उसो त साउनमा खिर खाने नेपाली चलन नै हो । साउन १५ लाई खिर खाने दिनले पनि चिनिन्छ । यहाँको प्रसिद्ध शक्तिपीठ कालिका भगवतीमा पनि वर्षमा एकपल्ट खिर चढाउने परम्परा छ । त्यो साउनको कुनै पनि तिथिमा पर्न सक्छ।

यसपालि भने पण्डितले मङ्गलबारलाई साइत जुराएका थिए। मन्दिरका मूलपुजारी जयबहादुर खड्काले साउनमा शक्तिस्वरुपा देवीलाई खिर चढाउने परम्परा रहेको सुनाउनुभयो। "मङ्गलबार बिहान ९ बजेको शुभसाइतमा देवीलाई खिर चढाइयो", उहाँले भन्नुभयो, "यो हाम्रा पूर्वजले बसालेको परम्परा हो।"

पहिले-पहिले मन्दिरमा चढाएपछि मात्र बल्ल घर-घरमा खिर पकाएर खाने चलन रहेको पुजारी खड्काले बताउनुभयो । उहाँका अनुसार मन्दिरमा वर्षको अरु कुनै पनि दिनमा खिर चढ्दैन । मन्दिर परिसरमा रहेको सालको पातबाट बनेका नयाँ टपरी र दुनामा राखेर विधिपूर्वक पूजाआजा गरेपछि बल्ल देवीलाई खिर चढाउने गरिन्छ।

नवदुर्गा, महालक्ष्मी, महाकाली, महासरस्वती, चण्डिका र गणेशलाई चढाएपछि मन्दिरमा आएका दर्शनार्थीलाई प्रसादीका रूपमा खिर खुवाउने गरिएको पुजारी खड्काले उल्लेख गर्नुभयो । कालिका भगवती मन्दिर गुठी व्यवस्थापन समितिका सचिव भरतबहादुर खड्काले कालिका देवीलाई खिर खुवाउने चलन मौलिक संस्कृतिका रूपमा जीवित रहेको बताउनुभयो।

"विसं १५९१ मा मन्दिर स्थापना भएदेखि नै साउन महिनामा देवीलाई खिर चढाएर मात्र घर-घरमा खिर फुक्ने गरेको हाम्रा पितापुर्खाले बताउने गर्नुहुन्थ्यो, सोही परम्परालाई हामीले पनि धान्दै आएका छौं", उहाँले भन्नुभयो, "साउन महिनामा खिर खाने नेपाली मान्यतासँग यो पनि सम्बन्धित छ।" समितिका सहसचिव अर्जुन खड्काका अनुसार देवीलाई खिर चढाउने कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रमेश ढकालसहित विशिष्ट व्यक्तिहरू सरिक भएका थिए । आमन्त्रित पाहुना र भक्तजनलाई प्रसादस्वरुप खिर खुवाइएको थियो । "उबेला घर-घरबाट दूध ल्याएर मन्दिर परिसरमै खिर पकाउने चलन थियो", उहाँले भन्नुभयो, "अहिले भैंसी पाल्ने चलन हटेपछि बजारबाट दूध किन्नुपर्छ ।" दूधलगायत सबै सरसामानको जोहो गरेर समितिले नै खिर खुवाउने कार्यक्रमको प्रबन्ध गर्ने गर्छ । झण्डै पाँच सय वर्षअघि स्थापना भएको कालिका भगवती मन्दिर देशमै प्रख्यात शक्तिपीठ मानिन्छ । तत्कालीन पर्वते राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरी विश्वदेवीसँग विवाह गर्दा देवीलाई दाइजोस्वरुप ल्याएको इतिहासमा उल्लेख छ।

देवीको मूर्तिसहितको डोली अरु कसैले उचाल्न नसकेपछि बागलुङबाट शिकारीको भेषमा गएका चक्र पूँवार खड्काले खड्ग समातेको र यहाँबाट गएका लमगाउँका मगरले डोली बोकेर ल्याएको बताइन्छ। डोली ल्याउने क्रममा बागलुङ नगरपालिका-१ स्थित जङ्गलमा बिसाइएको र पुनः डोली उठाउन खोज्दा नसकेपछि त्यहीं देवीलाई प्रतिस्थापन गरिएको किंवदन्ती छ । स्थापनाकालको सुरुमै मन्दिरको पुजारीका रूपमा चक्र पूँवार खड्कालाई जिम्मा दिइएको र पछि पनि मूलपुजारीका रूपमा पूँवार खड्काकै सन्तति रहने परम्परा बसेको समितिका सचिव खड्काले बताउनुभयो । कालिका देवीको पूजाआजा र भाकल गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एक अभियुक्त पक्राउ

रासस
काठमाडौं, १८ साउन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले एक जना अभियुक्तलाई पक्राउ गरेको छ। नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को उडान नं ४०१ विमानमार्फत भारतको मुम्बई उड्न लागेका कैलालीको धनगढीका सन्तोषकुमार लामिछानेलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

शङ्कास्पद गतिविधिमा संलग्न रहेको सूचनाका आधारमा लामिछानेलाई विमानस्थलबाट पक्राउ गरिएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डिआइजी) टेकप्रसाद राईले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"सोव्यक्तिभाग्न लागेको भन्ने सूचना कैलाली प्रहरीबाट प्रहरी प्रधान कार्यालयलाई सूचना आयो । विमानस्थलबाट विमान चढिसकेको अवस्थामा अभियुक्तलाई पक्राउ गरिएको हो । विमानस्थलबाट हिरासतमा लिएर हाल गौशला प्रहरीमा राखिएको छ, थप अनुसन्धानका लागि कैलाली पठाउने तयारी भइरहेको छ।"

प्रहरी प्रधान कार्यालयको विशेष ब्युरोको टोली विमानस्थलबाट अभियुक्तलाई पक्राउ गरेको हो । श्रीमान् श्रीमतीसँगै मुम्बई जान लागेको अवस्थामा पक्राउ गरिएको हो । ब्यूरोको टोलीले विमानस्थल सुरक्षा प्रहरी कार्यालय र नेपाल एयरलाइन्ससँग समन्वय गरी जहाजको उडान रोकेर अभियुक्त पक्राउ गरिएको थियो । सुनचाँदी व्यवसायमा संलग्न अभियुक्त लामिछाने चोरीको घटनामा संलग्न भएको आरोप छ। अनुसन्धान चलिरहेका बेला भाग्न लागेको भन्ने खबर प्रहरीले पाएपछि निजलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। विमानमा चालकदलका सदस्यसहित १४१ सवार रहेका थिए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरका अनुसार दिउँसो १ बजेर १० मिनेटको उडानबाट मुम्बई उड्न लागेका अभियुक्त लामिछानेलाई प्रहरीले नियन्त्रणमा लिएको हो । नेपाल एयरलाइन्सको उक्त जहाज दुई घण्टापछि अर्थात् दिउँसो ३ बजेर १० मिनेटमा मुम्बई उडेको छ । उडान भर्न लागेको विमानमात्रै ढिले भएको अन्य उडानमा कुनै अवरोध नभएको महाप्रबन्धक ठाकुरले बताउनुभयो । विमानस्थलको सबै उडान नियमितरुपमा सञ्चालन भइरहेको पनि उहाँले जानकारी दिनुभयो।

